# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## तुर्माखाद गाउँपालिका

अछाम






महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## तुर्माखाद गाउँपालिका

अछाम




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## तुर्माखाद गाउँपालिका

अछाम

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय सुदूरपश्चिम

पत्र संख्याः २०७९।८०
च.नं. ४९१,

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
तुर्माखाद गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, अछाम ।

**कैफियत सहितको राय**

हामीले तुर्माखाद गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन

२. लेखापरीक्षणबाट रू. ५ करोड ७२ लाख ३४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू. ५ लाख ६५ हजार फस्यौंट भई बाँकी बेरूजू असुल गर्नुपर्ने रू. १५ लाख ९४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ७५ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ७० लाख ८९ र पेश्की रू. ४ लाख २० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ७ करोड १६ लाख ४८ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १२ करोड ८३ लाख १७ हजार रहेको छ । गाउँपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# तुर्माखाद गाउपालिका अछाम

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५० | ८० | ५७२३५ | ० | १५ | ५६५ | ५० | ६५ | ५६६६९ | १५९४ | २७०८९ | २७५६६ | ० | ० | ५४६५५ | ४२० |

### १.२ प्रतिक्रियाबाट फस्र्यौट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ४१.१ | सामाजिक सुरक्षा बढी भुक्तानी, | ४६७६२८।०० |
| २ | ३९ | घटी करकट्टी भएको असुली, | ६०६२।२८ |
| ३ | ३७.१ | राजस्व छूट दाखिला, | ६७७५१।०० |
| ४ | ५३ | दै भ भत्ता असुली, | ११५००।०० |
| ५ | ७९.३ | उपभोक्ता समितिलाई बढी भुक्तानी, | २६६१।६६ |
| ६ | ७९.४ | उपभोक्ता समितिलाई बढी भुक्तानी, | ९५०८।०० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तुर्माखाद गाउपालिका अछाम | ७१६४८ | ० | ० | ७१६४८ | ० | ५६६६९ | १२८३१७ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : तुर्माखाद गाउँपालिका, अछाम , तुर्माखाद नगरपालिका , अछाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रेम बहादुर बुढा | २०७७-९-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रताप बहादुर शाही | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५६,६६९,५६४.६२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६,२७,१२,५१९.५३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३५,१४,७४,००० | **चालु खर्च** | ४३,०८,७१,९७८.५ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,७०,३९,५०० | **पूँजीगत खर्च** | १३,४९,००,८९९ |
| **राजश्व बाँडफाँट** | ८,७५,५९,९२३.०५ | **वित्तीय/अन्य व्यवस्था** | ७,७३,५१८ |
| **आन्तरिक आय** | १९,०२,६६८.३६ | | |
| **अन्य आय** | १२,५५,०२,०५७ | | |

| कुल आय | ६०,३४,७८,१४८.४१ | कुल खर्च | ५६,६५,४६,३९५.५ |
|---|---|---|---|
| बाँकी मौज्दात | | ६,१४,९६,१५३.७९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउपालिका अन्तर्गत ८ वडा, ४२ सभा सदस्य, वर्ग किलोमिटर क्षेत्रफल तथा २४४४० जनसंख्या रहेको छ ।<br><br>**<u>वित्तीय विवरण विश्लेषण</u>**<br><br>वित्तीय विवरणः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधीलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । | |

<table>
<tr><td></td><td></td><td></td><td>♣स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>बैक हिसाब मिलान<br><br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छैन ।<br><br>
<table>
<tr><td>सि.नं.</td><td>खाताको नाम</td><td>श्रेस्ता अनुसार बाँकी</td><td>बैंक स्टेटमेण्ट अनुसार बाँकी</td></tr>
<tr><td>१</td><td>संचित कोष खाता</td><td>५६७१०३५५।९</td><td>५६७१०३५५।९</td></tr>
<tr><td>२</td><td>चालु खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>३</td><td>पूंजीगत</td><td>०</td><td>०</td></tr>
<tr><td>४</td><td>कल्याण कोष खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>५</td><td>प्रकोप व्यवस्थापन कोष</td><td>१८८५०७९।३३</td><td>१८८५०७९।३३</td></tr>
<tr><td></td><td>स्थानीय तह धरौटी खाता</td><td>२९००७१८।५६</td><td>२९००७१८।५६</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>♣ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।<br><br>♣ पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>♣ पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br><br>♣ राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br><br>♣ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>♣ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधीकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br><br>♣ पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | ♣ दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br><br>♣ पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br><br>♣ वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br><br>♣ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन । साथै भुक्तानी ETDS समेत गरेको पाइएन ।<br><br>♣ कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br><br>♣ सार्वजनिक खरिद नियमावली, २९६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br><br>♣ ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>♣ पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br><br>♣ स्थानीय सरकार सञ्चालन ऐन, २९७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | ♣ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>♣ संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>♣ पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br><br>♣ सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>♣ वातावरणको संरक्षण एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br><br>♣ पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ र प्रशासनिकतर्फ समेत कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमश: प्राविधिक र प्रशासनिक तर्फ पदपूर्ती भएको विवरण प्राप्त भएको छ । प्रमुख प्रशासकिय अधिकृत लगायत पद रिक्त रहेकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br><br>♣ सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>♣ तोकिए वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>♣ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित | |

| | | | | |
|---|---|---|---|---|
| | | | भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br><br>♣ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस नगरपालिकाले हालसम्म ऐन, नियमावली, कार्यविधि तथा निर्देशिका समेत २५ वटा कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **बजेट पेश, पारित र अख्तियारी**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाका उपाध्यक्ष श्री अम्रितादेवी बुढाले आर्थिक वर्ष २०७८।७९ को लागी २०७८।३।१० मा रु. ५४ करोड ६६ लाख १२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।६।१६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।६।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ५ | | | **योजना र कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन | |

<table>
<tr><td></td><td></td><td></td><td>गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष बोलपत्र तथा उपभोक्ता समिति मार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:<br><br><table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना ख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>८५</td><td></td></tr>
<tr><td>२</td><td>रु १ लाख देखि पाँच लाख सम्मका योजना</td><td>१६९</td><td></td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>४९</td><td></td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>२३</td><td></td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>६</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>३३२</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>लक्ष्य प्रगति<br><br>कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।<br><br>
<table>
<tr><td rowspan="2">कार्यक्रम/योजना</td><td rowspan="2">कुल कार्यक्रम</td><td colspan="4">वार्षिक प्रगति स्थिती</td></tr>
<tr><td>शून्य प्रगती</td><td>२५%सम्म प्रगति</td><td>५०% सम्म प्रगति</td><td>७५% सम्म प्रगति</td></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>३३२</td><td>९९</td><td>३७</td><td>८७</td><td>१०९</td></tr>
</table>
<br>पेश भएको विवरण अनुसार कूल ३३२ योजना मध्ये ९९ योजनामा काम नै सुरु हुन नसकेको ३७ योजनामा २५ प्रतिशत मात्र काम भएको तथा ८७ योजनामा ५० प्रतिशत सम्म काम भएको देखिन्छ । साना साना योजना बनाउने र नगद वितरण गर्ने वितरणमुखी योजना बनाएकोले प्रगति हुन नसकेको पाइएकोलेयोजना तर्जुमा गर्दा विशेष ध्यान दिनु पर्दछ</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>स्थानिय तथ्याङ्क अभिलेख तथा स्रोत व्यवस्थापन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>चौमासिक खर्च</td><td></td></tr>
</table>

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूंजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| १ | चालु खर्च तर्फ | ३१९१०२ | ६७४०७ | ६८८०९ | १८२८६२ | १०६९२६ |
| २ | पूजिगत खर्च | १२८९१४ | ५०५२ | ५५२३५ | ६८६५२ | ३२२९४ |
| | जम्मा | ४४८०१६ | ७२४५९ | १२४०४३ | २५१५१३ | १४१२२० |
| | खर्च प्रतिशत | १०० | १६।१७ | २७।६९ | ५६।१४ | ३१।५२ |

पालिकाले उपलव्ध गराएको विवरण अनुसार तेस्रो चौमासिकमा रु. २१ करोड ७९ लाख ६२ हजार अर्थात कूल पूंजीगत खर्चको ७२।८ प्रतिशत खर्च गरेको छ । आषाढ महिनामा मात्र कूल पूंजीगत खर्चको ३८ प्रतिशत खर्च देखिनुले वर्षान्तमा मात्र विकाश निर्माण कार्यमा खर्च भएको देखिएकोले सन्तुलित खर्च भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

९

**अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु ५० लाख अबण्डा राखेको छ । उक्त अबण्डा

<table>
<tr><td></td><td></td><td></td><td>रकम कार्यपालिकाको विभिन्न मिति को निर्णयबाट खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च<br><br>स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।<br><br>
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>५०७०१</td><td>४५३४६</td><td>८९।४४</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>९०५२०</td><td>५१७१८</td><td>५७।१३</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>३३३७०९</td><td>२९०५३२</td><td>८७।०६</td></tr>
<tr><td>वातावरण तथा विपद् व्यवस्थापन</td><td>०</td><td>०</td><td></td></tr>
<tr><td>संस्थागत विकास र सेवा प्रवाह</td><td>४१४७</td><td>२२९२</td><td>५५।२६</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>६७५३४</td><td>५८१२८</td><td>८६।०७</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१९,०२,६६८।८४ राजस्व बाँडफाँड र अनुदानबाट रु. ४७,६०,७३,४२३।०५ समेत रु.४७,७९,७६,०९१।८९ आम्दानी भएकोमा चालु तर्फ रु. ४३,०८,७१,९७८।५० र पूँजिगत तर्फ रु.१३,४९,००,८९९ समेत रु.५६,५७,७२,८७७।५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ९०,०८,०९४।३४ खर्च भएको छ जुन आन्तरिक आयको ऋणात्मक २१.१२ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७६.१६ प्रतिशत चालु र २३.८४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट नगरपालिकाले बिकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति<br><br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><br><table><tr><td>वडा संख्या</td><td>वडा सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>८</td><td>८</td><td>१</td><td>७</td></tr></table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>कर्मचारी करार<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले विभिन्न पदमा ४५ जना कर्मचारीहरु करारमा राखी रु. १२६८८०००।० खर्च लेखेको छ ।</td><td>३,४८५,३००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम गाउँपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको सहायक कम्प्यूटर अप्रेटर पदमा समेत १३ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ३४८५३०० भुक्तानी गरेको नियमसम्मत देखिएन । | |
| १३ | | | **कल्याण कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कल्याणकोषमा रकम दाखिला गरेको छैन । | |
| १४ | | | **सेवा प्रवाहको स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रकाविषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ऐन, नियमावली कार्यबिधि निर्देशीका समेत २५ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | २१६५ |
| मृत्युदर्ता | ८९ |
| बसाईसराई दर्ता | ३७ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>विवाह दर्ता</td><td>१५५</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td></td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन।
</td>
<td></td>
</tr>
<tr>
<td>१५</td>
<td></td>
<td></td>
<td>न्यायीक समिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष कुनै उजुरी नै नपरेको विवरण प्राप्त भएको छ ।</td>
<td></td>
</tr>
<tr>
<td>१६</td>
<td></td>
<td></td>
<td>विविध खर्च<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीयतहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. १३०००००।० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।</td>
<td></td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्ने पाउने व्यवस्था रहेको देखिंदैन । कायालयले उपलव्ध गराएको विवरण अनुसार यस पालिकाले यो वर्ष ३२६ व्यक्ति एवं संघ संस्थालाई रु.२७५३०००।० ।०आर्थिक सहायता वितरण गरेको विवरण पेश भएको छ । तर स्रेस्ता परीक्षणको क्रममा आर्थिक सहायता स्वरुप वितरण भएको रकम फरक पाइएकोले फरक फरक दफाहरुमा प्रस्तुत गरिएको छ । यस प्रकार वितरणमुखी खर्च गर्ने कार्य नियन्त्रण हुनु पर्दछ । | |
| १८ | | | **नगद हस्तान्तरण**<br><br>कोभिड १९ महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ को बुँदा नं ३(१) मा बन्दाबन्दीको कारणबाट भैरहेको पेशा व्यवसाय वा श्रम गर्ने अवसर गुमाइ आर्थिक रुपमा अति विपन्न नेपाली नागरिकहरुको परिवारलाइ राहत स्वरुप प्रति परिवार रु दश हजार नगद हस्तान्तरण गर्ने व्यवस्था छ । तर बूदा नं ३(२) मा निवेदकको एकाघरको परिवारका कुनै सदस्यले सरकारी निजि वा अन्य कुनै संघ संस्था वा बैदेशिक रोजगारीमा स्थायी अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरेको ,नेपाल सरकारबाट उपलव्ध हुने अन्य सामाजिक सुरक्षा भता ( जेष्ठ नगरिक एकल महिला दलित वा अपांग)भनेपाल सरकारको पूर्ण स्वामित्व वा अधिकांश स्वामित्व भएको संस्थाबाट निबृतिभरण वा विदेशी सरकारबाट पेन्सन पाइरहेको,पैतृक सम्पतिबाट तत्कालको खर्च आबश्यकता पूरा गर्न सक्ने,प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रम बमोजिम यस प्रयोजनको लागि एक पटक राहतको रुपमा नगद प्राप्त गरेको परिवारलाइ यो राहत उपलव्ध गराउन नमिल्ने उल्लेख छ । त्यस्तै गरी बूदा नं ९(३) मा कुनै निवेदकले झुटो विवरण दिइ नगद प्राप्त गरेको पाइएमा त्यस्तो रकम सरकारी बाकी सरह असूल उपर गरी निजलाइ प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा उल्लेख छ । यस वर्ष अति विपन्न ८२८ परिवारलाइ प्रति परिवार रु १० हजारका दरले निवेदकको बैक खातामा रकम हस्तान्तरण गर्नुपर्ने उल्लेख भएकोमा विभिन्न व्यक्तीलाइ पेश्की दिइ भर्पाइ गराइ नगद हस्तान्तरण गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा तपसिलका दफाहरुमा उल्लेख गरिएकोछ । | |
| १९ | | | **बैंक खातामा रकम नपठाएको** | |

<table>
<tr><td></td><td></td><td></td><td>नेपाल राष्ट्र बैकबाट स्वीकृती प्राप्त बाणिज्य बैक,विकास बैक,जा वितिय संस्थामा सम्बन्धितको खातामा रकम जम्मा गरिदिनु पर्ने उल्लेख भएकोमा खातामा रकम दाखिला नगरी विभिन्न व्यक्तीलाइ पेश्की दिएको छ । यसरी पेश्की लिइ नगद वितरण गर्ने व्यक्तीहरुको सो पेश्की जम्मा भएको र रकम झिकेको देखिने बैक खाताको स्टेटमेण्ट पेश हुनु पर्दछ ।<br><br>
<table>
<tr><td>१</td><td>भगेन्द्र कुमार ओड</td><td>१४०००००</td></tr>
<tr><td>२</td><td>विन्दु कुमारी वि सि</td><td>१२७००००</td></tr>
<tr><td>३</td><td>जनक बहादुर थापा</td><td>१४१००००</td></tr>
<tr><td>४</td><td>गणेश बहादुर शाही</td><td>८२००००</td></tr>
<tr><td>५</td><td>दिपेन्द्र बहादुर नेपाली</td><td>११७००००</td></tr>
<tr><td>६</td><td>कृष्ण बहादुर बयक</td><td>१३५००००</td></tr>
<tr><td>७</td><td>तेज बहादुर माझी</td><td>८२००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>धरौटी फिर्ता<br><br>६।०७९।३।१३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) मा निर्माण व्यवसायी वा सेवा प्रदायकको धरौटी फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने उल्लेख छ।एस आर सी सप्लायर्सलाई रु•७२,१०० धरौटी फिर्ता दिएकोमा मूल्य अभिवृद्बी कर समायोजन गरेको प्रमाण पेश नभएको साथै सम्बन्धित फर्मले बुझेको दस्तखत समेत नभएकोले मूल्य अभिवृद्बी कर समायोजन गरेको प्रमाण तथा सम्बन्धित सप्लायर्सले बुझेको प्रमाण पेश हुनुपर्ने रु•</td><td>७२,१००</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>जिन्सी व्यवस्थापन र लगत अद्यावधिक<br><br>कार्यालयमा रहेको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामानहरु जस्तै मोटरसाइकल, ल्यापटप, कम्प्यूटर, प्रिन्टर,</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>टेवल, कुर्सी, दराज जस्ता मालसामानहरु कार्यालयको मूल जिन्सी खातावाट सम्बन्धित व्यक्ति, वडा कार्यालय र विषयगत शाखामा कार्यरत कर्मचारीहरुलाई माग फारामको आधारमा हस्तान्तरण जनाई मौज्दात घटाएको पाइयो ।अतः उक्त सामानहरु वडा कार्यालय र विषयगत शाखाहरुले पनि आम्दानी नबाँधेको कारण हराउन सक्ने देखिएकोले सहायक जिन्सी खाता राखी सामान वुझाउनु पर्ने र हस्तान्तरण भनी मौज्दातबाट घटाइएका मालसामानहरु कार्यालयकै मूल जिन्सीमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण<br><br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>कृषि अनुदान<br><br>यस वर्ष विभिन्न शिर्षकमा कृषकलाइ अनुदान उपलव्ध गराएकोमा कृषकबाट पचास प्रतिशत रकम संकलन गरेकोमा उक्त रकम कार्यालयको विविध खातामा आम्दानी नगरी सम्बन्धित प्राविधक कर्मचारीले नै बुझिलिएको पाइयो ।अत: कृषकबाट संकलन गरेको रकम कार्यालयको विविध खातामा दाखिला गरी कार्यक्रम सम्पन्न भए पश्चात कार्यालयको अंश र कृषकसँग संकलन गरेको रकम एक मुष्ट सम्बन्धितलाई नियमानुसारका कर कट्टा गरी भुक्तानी गर्नु पर्दछ ।कार्यालयमा दाखिला नगरी सम्बन्धित प्राविधिकले नै संकलन गरेको कृषकको अंश रकम केही उदाहरण निम्न अनुसार छन्:<br><br><table><tr><td>शिर्षक</td><td>भौ नं</td><td>विवरण</td><td>रकम</td></tr><tr><td>शशर्त चालु</td><td>३९३।०७९।३।३०</td><td>पाति खाल्ना भैसी पालन कृषक समूह</td><td>४५९४५५</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>शशर्त चालु</td><td>४९१।०७९।३।२२</td><td>मालिका फलफुल कृषक समूह र कालिका माइ फलफुल कृषक समूह</td><td>१००५०००</td></tr>
<tr><td>शशर्त चालु</td><td>५०२।०७९।३।२४</td><td>आलुको विउ अनुदान</td><td>३५९०००</td></tr>
<tr><td>शशर्त चालु</td><td>३२५।०७९।१।१९</td><td>आलुको विउ अनुदान</td><td>१४००००</td></tr>
<tr><td>शशर्त चालु</td><td>३६४।०७९।२।२४</td><td>तरकारी विउ अनुदान</td><td>३३९०५</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td>744</td><td>२०७९-३-२१</td><td>जोखिम भत्ता<br><br>नर्सिंग सेवाका कर्मचारीलाइ रात्रीकालिन सेवा गरे वापत २० जना कर्मचारीलाइ रु २५९९५०।०० भता भुक्तानी गरेकोमा संलग्न हाजिरी विवरण र हाजिर प्रमाणित भिडान नभएको हुँदा छानविन गरी भ्रमण काज तालिम र विदामा बसेको अवधि घटाएर खुद रात्रीकालिन सेवा गरेको अवधि एकिन गरेको प्रतिवेदन समेतको आधारमा हुने रकम बाहेक बढी हुने रकम असूल गरेको प्रमाण पेश हुनुपर्ने रु</td><td>२५९,९५०</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>महिला स्वास्थ्य स्वयं सेविकासँग उपाध्यक्ष कार्यक्रम<br><br>पालिकामा रहेका ८९ जना महिला स्वास्थ्य स्वयंसेविका लाइ नेपाल सरकारबाट बार्षिक रु १२०००।०० पोशाक भता रु १००००।०० र यातायात खर्च उपलव्ध गराउदै आएको छ । यस वर्ष उक्त कार्यक्रम अन्तर्गत रकम विनियोजन गरी समानिकरण अनुदानको रकमबाट प्रति व्यक्ती रु २६०००।००का दरले कूल रु २३१४०००।०० भुक्तानी गरेको पाइयो । पालिकाको आन्तरिक आय जम्मा रु १९०२६६८।३६ मात्र देखाएकोमा दरबन्दी भन्दा बाहीरका करार कर्मचारीलाइ समेत आन्तरिक आयले नधान्ने गरी खर्च गरेकोमा नेपाल सरकारको शशर्तबाट सुविधा पाइरहेकालाइ समेत आन्तरिक आय वेगर थप सुविधा उपलव्ध गराएको छ भने सो कार्यक्रम चालु वर्ष समेत निरन्तर कायम छ । अत: उक्त भुक्तानी गरेको रकम आन्तरिक आय आर्जन गरी खर्च गरेको पुष्ट्याइ हुनु पर्ने रु</td><td>२,३१४,०००</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td></td></tr>
</table>

कामका लागी पारीश्रिमकमा आधारित सामूदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७७ अनुसार श्रमिकले रोजगारी गरेको दिनको गणना गरी स्थानीयतहवाट सो रकम सिधै श्रमिकको वैंक खातामा निकासा गर्नुपर्नेमा उपभोक्ता समिति बनाइ उपभोक्ता समितिका अध्यक्ष लाइ रकम भुक्तानी गरेको पाइयो । निजहरुले सो रकम सम्बन्धित श्रमिकलाइ बुझाएकोमा आस्वस्त गराउन कार्यालयबाट रकम बुझिलिने उपभोक्ता समितितका अध्यक्षहरुको बैक खाताको स्टेटमेण्ट पेश गरी आगामी वर्ष देखि श्रमिकको बैक खातामा सोझै रकम जम्मा गरिदिने तर्फ ध्यानाकर्षण हुनु पर्दछ ।

| भौ नं मिति | रकम बुझिलिनेको नाम | भुक्तानि रकम रु |
|---|---|---|
| ३६८।०७९।२।२४ | उपभोक्ता समिति अध्यक्ष लक्ष्मण बहादुर बयक | २०२५००० |
| ४०७।०७९।३।८ | उपभोक्ता समिति अध्यक्ष मोहन बहादुर शाही | १४२५००० |
| ४४४।०७९।३।१७ | उपभोक्ता समिति अध्यक्ष सरस्वती कु जैसी | १३८४००० |
| ४३९।०७९।३।१६ | उपभोक्ता समिति अध्यक्ष नेत्र बहादुर बुढा | १८२५००० |
| ४९८।०७९।३।२४ | उपभोक्ता समिति अध्यक्ष पूर्ण वि क | १७२५००० |
| ५०४।०७९।३।२४ | उपभोक्ता समिति अध्यक्ष जनक बहादुर शाही | ११२५००० |
| ५०९।०७९।३।२४ | उपभोक्ता समिति अध्यक्ष टोप बहादुर शाही | १५४२३२१ |
| ५०५।०७९।३।२४ | उपभोक्ता समिति अध्यक्ष तारा बहादुर चलाउने | २००८००० |
| ५३९।०७९।३।२५ | उपभोक्ता समिति अध्यक्ष तारा बहादुर | १०७३०० |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>चलाउने</td><td></td></tr></table><br>स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत यस पालिका अन्तर्गत ८ वडामा २० योजना सञ्चालन गरी यस वर्ष २२३ जनालाई १०० दिन रोजगारी उपलव्ध गराई रु. १२८९४५००।०० श्रमिक ज्याला खर्च गरेको छ । उक्त खर्चवाट लक्ष्यित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>श्रमिकलाई ज्याला नबुझाएको<br><br>कामका लागी पारीश्रिमकमा आधारित सामूदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७७ अनुसार श्रमिकले रोजगारी गरेको दिनको गणना गरी स्थानीयतहवाट सो रकम सिधै श्रमिकको वैंक खातामा निकासा गर्नुपर्नेमा उपभोक्ता समिति बनाइ उपभोक्ता समितिका अध्यक्षलाइ रकम भुक्तानी गरेको पाइयो । यसरी भुक्तानी गरिएको रकम डोर हाजिर फाराममा श्रमिकलाइ दस्तखत गराइ बुझाउने गरेकोछ ।डोर हाजिरमा सबै श्रमिकको दस्तखत एकै प्रकारको देखिन्छ। यसबाट सबै श्रमिकले रकम प्राप्त गरेकोमा आस्वस्त गराउनु पर्दछ । भौचर नं ५०९।०७९।३।२४ बाट उपभोक्ता समितितको अध्यक्ष टोप बहादुर शाहीलाइ रु १५४२३२१।०० भुक्तानी गरेको मध्ये १३ जनालाइ १५ दिनको रु ११२५१५।० बुझाएको नदेखिएकोले सम्बन्धित श्रमिकको खातामा जम्मा गरेको प्रमाण पेश गर्नु पर्ने अन्यथा असूल हुनु पर्ने रु</td><td>११२,५१५</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>शिक्षक दरबन्दी र पदपूर्ति<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५६ सामुदायिक विद्यालयहरुको</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।<br><table>
<tr><th>सि.नं</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>राहत</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>विद्यालय</td><td>१९५</td><td>१९३</td><td></td><td>१८</td><td>११९९३</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम<br><br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन दुई कोठे कक्षा कोठा निर्माण गर्न पालिकाले २ वटा विद्यालयलाई विद्यालयको खातामा रु.३६,००,०००।निकासा दिएको छ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रमा चालु आर्थिक वर्षभित्र कार्यक्रम सम्पन्न गर्न व्यवहारिक कठिनाई देखिएकोले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित विद्यालयको खातामा तत्काल निकासा दिई सो को प्रतिवेदन, लेखापरीक्षण, सामाजिक परीक्षण लगायतका कार्यको लागि सम्बन्धित विद्यालयलाई जिम्मेवार र जवाफदेही बनाउने उल्लेख छ।पालिकाले आर्थिक वर्षको अन्त्यमा २०७९।०३।२८ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माण कार्य सम्पन्न नभएको कारण उल्लेख गरी रकम रोक्का गर्न श्री नवील बैंक तुर्माखाँद शाखा अछामलाई पत्राचार गरेको छ। विद्यालय भवन निर्माण कार्य नहुँदै पूरै रकम निकासा दिनु नियमसम्मत नदेखिएकोले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ को दफा ११ (छ) बमोजिम विद्यालय भवन निर्माण कार्यको प्राविधिक मूल्याङ्कन तथा निर्माण सम्पन्न प्रमाण पेश हुनुपर्दछ रु•<br><table>
<tr><th>विद्यालयको नाम</th><th>खाता नं.</th><th>रकम रु.</th></tr>
<tr><td>श्री जिवनोद्धार आधारभुत विद्यालय</td><td>७९०१०१७५०००७१</td><td>१८,००,०००।</td></tr>
<tr><td>श्री तोषी माध्यमिक विद्यालय</td><td>७९०१०१७५०००४४</td><td>१८,००,०००।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३६,००,०००।</td></tr>
</table></td><td>३,६००,०००</td></tr>
</table>

<table>
<tr>
<td>३०</td>
<td></td>
<td></td>
<td>
निशुल्क पाठ्यपुस्तक अनुदान<br><br>
कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरणका आधारमा पाठ्यपुस्तक संख्या यकिन गरी पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत र विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद एवं वितरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिनुपर्ने उल्लेख छ । यस वर्ष कक्षागत विद्यार्थीको आधारमा गणना गर्दा बढी निकासा भएको देखिएकोले असूल हुनु पर्ने रु<br><br>
<table>
<tr><th>कक्षा</th><th>दिनुपर्ने विद्यार्थी</th><th>पाठ्यपुरस्तक दर</th><th>बढी रकम रु</th></tr>
<tr><td>१</td><td>९१८</td><td>५१८|४</td><td>475891.2</td></tr>
<tr><td>२</td><td>१०९१</td><td>५५६|८०</td><td>607468.8</td></tr>
<tr><td>३</td><td>११०५</td><td>५८०|८०</td><td>641784</td></tr>
<tr><td>४</td><td>९४८</td><td>६०२|८०</td><td>571454.4</td></tr>
<tr><td>५</td><td>९०४</td><td>४०८|१०</td><td>368922.4</td></tr>
<tr><td>६</td><td>७४०</td><td>७१२|८०</td><td>527472</td></tr>
<tr><td>७</td><td>७४८</td><td>७५२|४</td><td>562795.2</td></tr>
<tr><td>८</td><td>७१८</td><td>७६१|३०</td><td>546613.4</td></tr>
<tr><td>९</td><td>५६८</td><td>७७४|४०</td><td>439859.2</td></tr>
<tr><td>१०</td><td>४६१</td><td>४९६|५</td><td>228886.5</td></tr>
<tr><td>११</td><td>२६२</td><td>२७०|६०</td><td>70897.2</td></tr>
</table>
</td>
<td>१८१,८८१</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१२</td><td>२२७</td><td>३२३।९०</td><td>73525.3</td></tr><tr><td></td><td></td><td></td><td>५११५५७०</td></tr></table>उपर्युक्त विवरण अनुसार रु ५११५५७०।००निकासा दिनु पर्नेमा भौचर नं ४६६,४६० र ३०८ बाट रु ५२९७४५१।० भुक्तानी भएकोले रु १८१८८१।०० बढि भुक्तानी भएको रकम ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेकाशिक्षाक बालबिकास सहयोगी कार्यकर्ता र कर्मचारीको लागि विद्यालयलाइ रु॰ १४८३१०००।०वित्तीय समानीकरण अनुदानबाट तलब भत्तभुक्तानी गरेको पाईयो। विद्यालयको आन्तरिक श्रोतवाट तलव भत्ता भुक्तानी हुने गरी नियुक्त निजि शिक्षकलाइ पालिकाले तलव भत्ता भुक्तानी नियमसम्मत नभएको रु</td><td>१४,८३१,०००</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>खेलकुद प्रशिक्षक<br><br>कार्यालयमा दरबन्दी नभएको पदमा खेलकूद प्रशिक्षक भनी कमल बहादुर बुढालाइ नियुक्ती गरी मासिक रु २४२३०।०० ले बर्ष भरीको तलब र पर्च खर्च तथा भ्रमण भता समेत भुक्तानी गरेको छ भने उक्त व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत औल्याइएकोमा यस वर्ष पनि सुधार नभएको हुँदा खर्च लेख्ने र खर्च लेख्न आदेश दिनेलाइ जिम्मेबार बनाइनु पर्ने रु</td><td>३२४,९९०</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>औषधि खरिद<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिनेव्यवस्था छ ।यस पालिकाले पटक शिलबन्दी वदरभाउपत्र को माध्यमबाट रु १८५५२८२।६९ को औषधी खरिद</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको नदेखिएको,<br><br>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको<br><br>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको,<br><br>औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br><br>तसर्थ तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण गर्ने एवं निशुल्क रुपमा वितरण गर्नुपर्ने भनी तोकिएका औषधिमा लोगो सहित निशुल्क वितरण गर्नुपर्ने भनी उल्लेख गर्नुपर्ने व्यवस्था अनिवार्य रुपमा कार्यान्वयन गर्नुपर्दछ । | |
| ३४ | | | **पदाधिकारी सुविधा र सवारी साधन**<br><br>गा पा अध्यक्ष पुष्पराज शर्मा उपाध्यक्ष अम्रिता देवी बुढालाइ सेवा सुविधामा मासिक यातायात खर्च क्रमश: रु१००००।०० र ९०००।०० नियमित रुपमा उपलव्ध भएको तथा गाडी भाडामा पनि लिएको पाइयो भने उपाध्यक्षलाइ कार्यालयबाट सरकारी मोटरसाइकल समेत उपलव्ध गराइ मर्मत इन्धन समेत उपलव्ध वराएको हुँदा दोहोरो सुविधा भएको रु | २२८,००० |
| ३५ | | | **मर्मत अभिलेख खाता**<br><br>कार्यालयमा आम्दानी जनाएका सवारी साधनहरु मर्मत गर्दा स्वीकृत ढाँचामा मर्मत अभिलेख खाता राख्नु पर्दछ । मर्मत अभिलेखा खाता अद्यावधिक नगरी विभिन्न सवारी साधन पटक पटक मर्मत गरेको भनी निम्नानुसार खर्च | |

| | | | | |
|---|---|---|---|---|
| | | | लेखेकोमा खरिद गरेको ३ वर्ष मात्र भएका मोटरसाइकलहरु समेत अत्याधिक मर्मत भएको देखियो। अत: मर्मत खर्च लेखेको विल भौचरहरु यथार्थपरक भएकोमा आश्वस्त गराउनु पर्दछ ।मर्मत खर्चका केही उदाहरण निम्नानुसार छन्:<br><br>१ \| मोटरसाइकल मर्मत र इन्त्धन \| ३४६३०००<br>२ \| व्याकहो लोडर मर्मत र इन्धन \| ३८९२६५५ | |
| ३६ | | | **अन्य किसिमको अनुदान प्राप्त नगरेको हुनुपर्ने**<br><br>:कोभिड १९ महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ अनुसार अन्य राहत प्रप्त नगरेका परिवारलाइ मात्र नगद हस्तान्तरण गर्ने भनिएकोमा कार्यालयबाट प्राप्त विवरण परीक्षण हुँदा गाउपालिकाको कूल परिवार संख्या ४४२८ रहेको छ । सो मध्ये सामाजिक सुरक्षा भता पाउने ७००० सात हजारभन्दा बढी छन्,प्रधानमन्त्री रोजगारबाट सुविधा पाउने २२३ ,अन्य औषधी उपचार सहयोग पाउने ३२६,सुरक्षित आवास सुविधा पाउने १९३,प्रकोप व्यवस्थापनबाट राहत पाउने २४३,विपन्न लक्षित छात्रबृति पाउने १०६, महिला स्वास्थ्य स्वयंसेविका ८९ ,जनप्तिनिधि ४३,तथा शिक्षक कर्मचारी ,बाल शिक्षिका,निजी स्रोतका शिक्षक, पेन्सन खाने शिक्षक कर्मचारी ,अति विपन्नमा नपर्ने संख्या समेत हिसाब गर्ने हो भने गाउपालिकामा भएका घर धुरी संख्याको तीन गुणा बढीले राहत अनुदान पाउने देखिएको,र सम्बन्धितको बैक खातामा नदिइ कमर्चारीलाइ पेश्की दिएर नगद हस्तान्तरण गरेकोमा आस्वस्त हुन सक्ने अवस्था नरहेकोले अन्य सरकारी अनुदान सुविधा प्राप्त गर्ने परिवार बाहेकलाइ नगद हस्तान्तरण गरेको सुनिश्चित हुने गरी पुष्ट्याइ पेश हुनु पर्ने रु | ८,२००,००० |
| ३७ | | | **राजश्व दाखिला** | |
| ३७.१ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ (१) मा राजश्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन संभव नभए सो को भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिम ढाँचामा राजश्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने उल्लेख छ। साथै सोही ऐनको उपदफा (४) मा सञ्चितकोषमा राजश्व दाखिला गर्दा तीनदिनभन्दा बढी अवधिसम्म दाखिला नगरेमा जम्मा गर्न बाँकी रकमको दश प्रतिशतका दरले हुन आउने रकम | १५० |

<table>
<tr><td></td><td></td><td></td><td>जरिवाना गरी सो जरिवाना समेत दाखिला गर्नुपर्ने उल्लेख छ।नगदी रसिदबाट प्राप्त राजश्व निम्नानुसार घटि दाखिला भएको पाइएकोले दाखिला गर्न बाँकी रकममा दश प्रतिशतका दरले हुन आउने जरिवाना रकम समेत दाखिला गर्नुपर्दछ रु.<br><br>
<table>
<tr><td>वडा नं</td><td>कर्मचारीको नाम</td><td>असुल भएको रकम</td><td>बैँक दाखिला गरको रु.</td><td>घटी दाखिला रु.</td></tr>
<tr><td>१</td><td>भगेन्द्र कुमार वड</td><td>५३,०८२।</td><td>५२,९३२।</td><td>१५०।</td></tr>
</table>
<br>मिति २०७९-१२-२२ को निर्णयानुसार 17321.89 को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति २०७९-१२-२२ को निर्णयानुसार 775.10 को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति २०७९-१२-२२ को निर्णयानुसार 21364.45 को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति २०७९-१२-२२ को निर्णयानुसार 27431.00 को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति २०७९-१२-२२ को निर्णयानुसार 860.00 को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको</td><td></td></tr>
<tr><td>३७.२</td><td></td><td></td><td>पालिकाले राजश्व आम्दानीको नगदी रसिद ठेलीको आम्दानी, खर्च र बाँकी देखाउने रसिद नियन्त्रण खाता राखेको छैन।नगदी रसिद नम्बर सिलसिलेवार नभएको र कतिपय नगदी रसिदको पाना च्यातिएको पाइयो। उदाहरणको लागि वडा नं. ४ को रसिद नम्बर ८७५,२४०९ र मालपोत रसिद नं. ९२७ च्यातिएको पाइयो। वडा नं. १ को मालपोत रसिद नं. १४८ पहेँलो रसिद च्यातिएको र सेतो रसिदमा रकम उल्लेख नभएको पाइयो।यसरी नगदी रसिद ठेलीको बिचको पाना च्यातिनु र केही नगदी रसिदको पानामा रकम उल्लेख नहुनु र रसिद नम्बर समेत सिलसिलेवार नहुनु आदि कारणबाट आन्तरिक राजश्व प्राप्त रु.१९,०२,६६८।३६ एकीन गर्न सकिएन।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>रसिद नियन्त्रण खाता<br><br>गाउँपालिकाले आन्तरिक आय तर्फ प्रयोग हुने नगदी रसिद नियन्त्रण खाता व्यवस्थित गरी राखेको पाईएन । गत वर्षको जिम्मेवारी रसिद ठेली संख्या यो वर्ष छपाइ गरेको रसिद ठेली संख्या , यस वर्षको खर्च र बांकी रसिद ठेलीको विवरण स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता राख्नु पर्दछ । यो वर्ष प्रयोग भएका सबै रसिद फिर्ता गरी आम्दानी एकिन गर्नुपर्दछ । आम्दानी तर्फ गोश्वारा भौचर खडा गरी वैंक दाखिला विवरण समेत अद्यावधिक गरी</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | राख्नु पर्नेमा वैंक दाखिला विवरण तयार गरेको छैन । | |
| ३९ | | | कर दाखिला<br><br>✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२। २२ को निर्णयबाट रु. ६०६२।२८ ।- सम्परीक्षण गरिएको ।)<br><br>मिति **२०७९-१२-२२** मा **कृष्ण सोडारी** को **6062.28** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको | ० |
| ४० | | | **कर तथा शुल्क असुली**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । लिकाले यो वर्ष विभिन्न शिर्षकमा रु. १९०२६६८।३६ लाख आम्दानी गरेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| ४१ | | | **सामाजिक सुरक्षा तर्फ बढी निकासा** | |
| ४१.१ | | | ✂ **..........** (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०७९। १२ । २२ को निर्णयबाट रु. ४६७६२८।- सम्परीक्षण गरिएको ।)<br><br>मिति **२०७९-१२-२०** को निर्णयानुसार **67032.00** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-२०** को निर्णयानुसार **100548.00** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-२०** को निर्णयानुसार **218652.00** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-२०** को निर्णयानुसार **6384.00** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-२०** को निर्णयानुसार **49476.00** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-२०** को निर्णयानुसार **25536.00** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको | ० |
| ४१.२ | | | यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयको नमूना परीक्षणको आधारमा सामाजिक सुरक्षा भत्ता वापतको स्रेस्ता | |

| | | | | |
|---|---|---|---|---|
| | | | परिक्षण गर्दा कैफियत देखिएकोले कार्यालयवाटै लगत अद्यावधिक गरी एकिन गर्नुपर्दछ ।गत सालको प्रतिवेदनले सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत वितरण गर्नुपर्ने सुझाव दिएकोमा लेखापरीक्षणको क्रममा उत्त सुझाव कार्यान्वयन नभएको देखिएकोले यस सम्बन्धमा सम्बन्धित पदाधिकारी जिम्मेवार हुनुपर्दछ। | |
| ४१.३ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा १४(४) मा गाउँपालिकाले को.ले.नि.का मा भत्ता वापतको रकम निकासा माग गर्दा अनिवार्य रुपमा अघिल्लो चौमासिकको हिसाव मिलानको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निकास माग गर्दा हिसाव मिलानको विवरण पेश गर्ने गरेको पाइएन। अतः कार्यविधिमा भएको व्यवस्था वमोजिम अघिल्लो चौमासिकको हिसाव मिलान विवरण पेश गरी निकासा माग गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनु पर्दछ । | |
| ४२ | | | **बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण नगरेको**<br><br>सामाजिक सुरक्षा कायर्क्रम संचालन कार्यविधि २०७५ को वुंदा नं. २२ मा स्थानीय तहले सशर्त अनुदानको सामाजिक भत्ता वितरण कार्यक्रम मन्त्रालयको स्वीकृती वेगर हातहातै नगद वितरण गर्न नपाइने उल्लेख छ। तर गाउँपालिकाले ८ वटै वडामा प्रथम, दोश्रो र तेश्रो चौमासिकमा वैकिंङ्ग प्रणाली मार्फत भत्ता वितरण नगरी स्वीकृती विना हातहातै नगद वितरण गरेको पाइयो। यसरी वितरित सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीले प्राप्त गरे नगरेको एकिन हुन सकिएन । अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । लाभग्राहीहरुको मृत्यु भएमा, वसाई सराइ गरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, वालवालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नविकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नवुझेमा वा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले लगत कट्टा गर्नु पर्दछ । सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि, २०७५ को वुंदा नं.१३ मा नाम दर्ता र नविकरणवाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्त भित्र विभागले सन्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम,आई.एस) मा अनिवार्य रुपमा प्रविष्ट गर्नुपर्नेमा उक्त कार्य नभएकोले सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधिको व्यवस्था वमोजिम कार्य गर्नुपर्दछ । | |
| ४३ | | | **अधुरो कार्य**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ उपदफा (७) र (८) सार्वजनिक निकायसंग खरिद सम्झौता गर्नेले सम्झौता | |

बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने उल्लेख छ। सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको जमानत जफत गर्नुपर्ने र बाँकी रहेको कार्य पुरा गर्न लगाई सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था समेत छ। भैरवस्थान भुलु रहफ सडक र पुनेपाटा बेलखेत सडकमा कटिङको काम २०७९ आषाढ ३० भित्र सम्पन्न गर्न दुई निर्माण व्यवसायीसँग सम्झौता भएकोमा निम्नानुसार खर्च भएको छ। दुवै ठेक्कामा तोकिएको अवधिभित्र सम्झौताको केही अंश काम मात्र भएको छ। भैरवस्थान भुलु रहफ सडकको ९ कि. मि. १८० मिटर ट्र्याक खोल्ने, ग्याबीयन ३० वटा बक्सको कामको सम्झौता भएकोमा ग्याबियनको काम भएको छैन। १ कि. मि. ५६० मिटर कटिङको काम भएको छ। त्यस्तै पुनेपाटा बेलखेत सडकको ६ कि. मि. ७२० मिटर कटिङ कार्य, नाला कटिङ २ कि. मि. र ग्याबियन बक्स ५०० वटा सम्झौतामा तोकिएकोमा ग्याबियन र नालाको काम भएको छैन। ४ कि. मि. ९०० मिटर कटिङको काम भएको छ। दुवै ठेक्काको म्याद समाप्त भएकोमा म्याद थप भएको छैन। पालिकाले ठेक्का सम्झौता बमोजिमको काम नभएकोमा ढिलाईको कारण सम्बन्धमा स्पष्टिकरण सोधेको छ तर थप कारवाही गरेको छैन। आर्थिक वर्ष २०७९।८० मा उक्त कार्यको लागि बजेट व्यवस्था भएको छैन। यसले दुवै ठेक्काको काम अधुरो र अलपत्र रहेको छ।

| ठे. नं. | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ०५।०७८।७९ | के.पी. कन्सट्रक्सन | १,६३,०९,८८७। | ५१,९०,४६०। | ६,२८,३२५। | १२.१ |
| ०३।०७८।७९ | ध्रुव निर्माण सेवा | ९२,८६,५२४। | ३४,३०,४३८।१० | ७,२६,७१९। | २१.१८ |

तोकिएको अवधिभित्र काम सम्पन्न नगरी अलपत्र छाड्ने निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनुपर्छ। सम्झौता बमोजिम काम नगरेको अवस्थामा कानून बमोजिम कारवाही गरी सम्झौताको बाँकी कार्य सम्पन्न गर्नुपर्दछ।कानूनमा भएको व्यवस्था अनुसार ठेक्का अन्त्य गरी जमानत जफत गर्ने र बाँकी काम पूरा गर्न सरकारी

| | | | | |
|---|---|---|---|---|
| | | | बाँकी सरह असुल उपर गर्नुपर्दछ। | |
| ४४ | | | **पेश्की फर्छ्यौट**<br><br>सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ११३ (५) मा सार्वजनिक निकायले निर्माण व्यवसायीलाई दिएको पेश्की फर्छ्यौट खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ विल वा बिजकबाट गर्नुपर्ने उल्लेख छ। उपनियम (६) मा पेश्की फर्छ्यौट हुन नसकेमा पेश्की रकमको सयकडा १० प्रतिशत ब्याज समेत असुल गर्नुपर्ने व्यवस्था छ। पुनेपाटा बेलखेत सडक निर्माण गर्न ध्रुवतारा निर्माण सेवासँग रु.३४,३०,४३८।१० को सम्झौता भएकोमा भौ. नं. २९२ बाट २०७९।१।७ मा रु.३,४३,०००।पेश्की दिएकोमा पूरै पेश्की फर्छ्यौट भएको छैन। सम्झौतामा काम सम्पन्न गर्नुपर्ने म्याद २०७९ आषाढ ३० सम्म तोकिएकोमा सो अवधिभित्र काम सम्पन्न नभएको र सो पश्चात म्याद थप भएको पनि छैन। आर्थिक वर्ष २०७९।८० मा उक्त निर्माण कार्य गर्न बजेटको व्यवस्था पनि भएको छैन। पेश्की दिएको रु.३,४३,०००। मध्ये पहिलो रनिङ विलबाट रु.१,७१,५००। मात्र फर्छ्यौट भएकोले फर्छ्यौट हुन बाँकी म्याद नाघेको पेश्की रु.१,७१,५००। मा नियमानुसार १० प्रतिशत ब्याज समेत असुल फर्छ्यौट हुनुपर्ने रु. | १७१,५०० |
| ४५ | | | **डिपीआर खर्च**<br><br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| आमी असरा सडक | एलाइड इन्जिनियरिंग | ४०० | ४०० | १२१६०१० |
| तल्लो डुविसरा सडक | रामारोशन इन्जिनियरिंग | ४०० | ४०० | १०७०९ |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जांसा तादी सडक</td><td>नेपाल इन्टिग्रेटेड डेभलपमेण्ट</td><td>४००</td><td>४००</td><td>२३६९७</td></tr></table><br>उक्त योजनामा यस वर्ष बजेट विनियोजन गरेको पाइएन । अत: डि पि आर तयार गर्न बजेट खर्च गर्ने र योजनामा बजेट नछुट्याउने परिपाटीको अन्त्य हुनु पर्दछ । यसरी बजेट व्यवस्था वेगर नै डि पि आर मा खर्च गर्ने गराउनेलाइ जिम्मेवार बनाइनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>म्याद थप<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ (२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिब कारणबाट अधिकार प्राप्त अधिकारीले म्याद थप गर्नसक्ने उल्लेख छ। पालिकाबाट निर्माण भैरहेको कालिकेश्वरी मा. वि. र भैरवस्थान स्वास्थ्य चौकी भवन निर्माण दुवै ठेक्काको ठेक्का म्याद क्रमशः २०७९ आषाढ ३० र २०७९ आषाढ २० सम्म भएकोमा लेखापरीक्षण अवधि २०७९।५।२७ सम्म म्याद थप भएको छैन। म्याद थप गर्न निर्माण व्यवसायीले निवेदन दिए तापनि म्याद थपको कारवाही नभएकोले कानूनको पालना हुनुपर्छ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>१० सैयाको अस्पताल भवन<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई तथा प्रचलित कानूनबमोजिम गर्नुपर्ने वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आह्वान गर्न नहुने उल्लेख छ। १० शैया अस्पताल भवन निर्माण गर्न रु.५,७९,०६,८१४।६० को सम्झौता भएकोमा निर्माणस्थलको व्यवस्था र वातावरणीय अध्ययन गरेको छैन। हालसम्म रनिङ विलको भुक्तानी भएको छैन। सम्झौता मिति २०७८।०६।०७ ले २ बर्षको ठेक्का म्याद भएकोमा ठेक्का म्याद १ वर्ष व्यतित भइसक्दा समेत रनिङ विलको भुक्तानी नहुँदा निर्माण कार्य तोकिएको अवधिभित्र सम्पन्न हुने स्थिति देखिएको छैन। निर्माण व्यवसायीलाई रु.५८ लाख पेश्की दिएकोमा पेश्की फर्छ्यौट भएको छैन। निर्माण व्यवसायीले मिति २०७९।०१।२२ मा पेश गरेको पत्रानुसार जग्गाधनीले काटेको माटो फाल्न अवरोध गर्ने, खानेपानी उपभोक्ता समितिले पाइप काटिन्छ कि भनी काम गर्न नदिएको कारण जनाई काम सुचारु गर्न नसकेको उल्लेख छ। यसले निर्माणस्थलको व्यवस्था नभई ठेक्का व्यवस्था भएको देखिन्छ। ठेक्का सम्झौता गर्दा कानूनको पालना हुनुपर्छ।</td><td></td></tr>
</table>

<table>
<tr><td>४८</td><td></td><td></td><td>

**एज विल्ट**

निर्माण व्यवसायीसँगको सम्झौताको GCC ७१.२ मा निर्माण कार्य सम्पन्न भएको नक्सा पेश गर्नुपर्ने र एजविल्ट (नक्सा) पेश गर्न नसकेमा रु.५० हजार भुक्तानीबाट रोक्का गर्नुपर्ने उल्लेख छ। यो वर्ष निम्न कार्यालय भवन ठेक्कामार्फत सम्पन्न भएकोमा निर्माण व्यवसायीले एजविल्ट बनाएको छैन। एजविल्ट नबनाएकोमा रु.५० हजार बिलबाट कट्टा गर्नुपर्नेमा नगरेकोले एजविल्ट नबनाएको रु.५०,०००।ले ४ ठेक्काको रु.२ लाख निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

<table>
<tr><td>भवन निर्माण</td><td>ठेक्का अकं</td><td>सम्पन्न मिति</td><td>एजविल्ट बापतको रकम</td></tr>
<tr><td>७ नं. वडा कार्यालय भवन</td><td>५५,९८,४८९।९४</td><td>२०७८।१२।३०</td><td>५०,०००।</td></tr>
<tr><td>८ नं. वडा कार्यालय भवन</td><td>५२,८४,३३८।८६</td><td>२०७८।११।२५</td><td>५०,०००।</td></tr>
<tr><td>तोषी स्वास्थ्य क्लिनिक भवन</td><td>७८,२०,४१८।८२</td><td>२०७८।९।२६</td><td>५०,०००।</td></tr>
<tr><td>सिद्धेश्वरी मा. वि. भवन</td><td>७७,६१,९०४।४७</td><td>२०७८।९।२७</td><td>५०,०००।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२,००,०००।</td></tr>
</table>

</td><td>२००,०००</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>

**पूर्वनिर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शून्ना दशमलब शून्ना पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ। वडा नं. ८ कार्यालय भवन निर्माणको भौ. नं. २५२ बाट अन्तिम किस्ता रु.५,१५,४७२। भुक्तानी भएकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार भवन निर्माणको काम म्याद थप अवधि समेत २०७८।०९।३० भित्र सम्पन्न हुनुपर्नेमा ५५ दिन ढिलो २०७८।११।२० मा सम्पन्न भएकोले नियमानुसार सम्झौता रु.५२,८४,३३८।८६ को शून्ना दशमलब शून्ना पाँच प्रतिशत रु.२,६४२।१७ प्रतिदिनले ढिला दिन ५५ दिनको रु.१,४५,३१९।३१ असुल हुनुपर्छ रु.

</td><td>१४५,३१९.३१</td></tr>
</table>

५०

**भेरियसन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ (१) मा खरिद सम्झौताको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई भेरियसन आदेश जारी गर्न सक्ने उल्लेख छ।निम्न सडक कटिङको काम उपभोक्ता समिति मार्फत गराउँदा सम्झौताको परिमाणमा कुनै आइटममा थप गरेको र कुनै आइटममा घटी कामको भुक्तानी गरेकोमा भेरियसन आदेश स्वीकृत गरेको पाइएन। भेरियसन स्वीकृत नगरी सम्झौताको तुलनामा ७९ प्रतिशत घटी र बढी ११४६ प्रतिशत परिमाणको भुक्तानी अनियमित देखिएको रु.

| उपभोक्ता समिति | कामको विवरण | सम्झौता परिमाण घ. मि. | खुद भएकोकाम घ. मि. | घटी बढी परिमाण घ. मि. | दर रु. | भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| लेडेमेला सिद्धिगणेश सडक निर्माण | मिडीयम रक बोल्ड मिक्स माटो | ८०० | २११८.६५ | १३१८.६५ | १२८/०३ | १,६८,८२६।७५ |
| गोदे दबौरा ग्रामीण सडक निर्माण | नरम माटो | ३२२० | ६७३ | -२५४७ | ६५/७२ | १,६७,३८८।८४ |
| गोदे दबौरा ग्रामीण सडक निर्माण | नरम माटो | ६०० | ७४८० | ६८८० | ४४/५७ | ३,०६,६४१।६० |
| सूर्य मा वि तारी मोटर बाटो | मेडियम रक | ५७२८ | ३९२४ | -१८०४ | १२८/०३ | २,३०,९६६।१२ |

८७३,८२३.३१

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>८,७३,८२३।३१</td></tr></table></td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>बिमा<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.१० लाख भन्दा वढीको निर्माण कार्य गराउंदा निर्माण कार्य, मेशिनरी औजार, कामदार लगायतको विमा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायको निर्माण कार्य निर्माण व्यवसायी मार्फत गराउंदा सम्झौतामा विमा गराउने प्रावधान नराखी निर्माण कार्य गराई भुक्तानी दिएको पाइयो ।अतः नियमावलीमा भएको व्यवस्था विपरित विमा नगराइ निर्माण कार्य गराउनु हुंदैन ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने<br><br>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ मा रु•५ लाखसम्मको खरिद कार्य सौझै गर्न सकिने रु•५ लाखभन्दा माथि रु•२० लाखसम्म सिलवन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। साथै खरिद गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढी खरिद गर्न नहुने एंव एउटा आपूर्तिकर्तासंग एकपटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ।यस वर्ष पालिकाले सोझै खरिद गरेका केही उदाहरण निम्नानुसार छन् ।यसरी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।<br><br><table>
<tr><td>भौ नं मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>२१८।०७८।९।७</td><td>गतिमान आयुर्वेद फार्मेसी बाट औषधि खरिद</td><td>४९९६१२</td></tr>
<tr><td>४२८।०७८।११।२०</td><td>कान्तिपुर ट्रेडिंग हाउस छपाइ कार्य</td><td>४९६८०४</td></tr>
<tr><td>४२९।०७८।११।२०</td><td>थ्यान्क्यु विजनेस मसलन्द खरिद</td><td>४९४८२७</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६८१।०७९।३।७</td><td>अनुपम भेट सेन्टरबाट औषधि खरिद</td><td>४४०३००</td></tr>
<tr><td>७७८।०७९।३।२५</td><td>आयुष सर्जिमेड</td><td>३१९१७८</td></tr>
<tr><td>८१३।०७९।३।२५</td><td>पूर्णिमा मोबाइल ग्यालरी एण्ड सप्लायर्स</td><td>४८९२९०</td></tr>
<tr><td>३३६।०७८।१०।२७</td><td>थापा कम्प्युटर मंगलसेन</td><td>५३३३६</td></tr>
<tr><td>५१३।०७९।३।२४</td><td>ज्वालामुखी कम्प्युटर सप्लायर्स (शशर्तबाट)</td><td>२१२६००</td></tr>
<tr><td>५४६।०७९।३।२५</td><td>थापा कम्प्युटर (शशर्तबाट)</td><td>४१५७२७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>लागत सहभागिता<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८।७९ मा कन्टीन्जेन्सी बापत रु</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | ३१४६५५ ।० ० कट्टी गरी खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ५५ | | | **योजना हस्तान्तरण**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समूदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भए पश्चात आयोजनाको स्वामित्व सोही समितीलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सो वमोजिम योजना हस्तान्तरण गरेको पाइएन । योजना हस्तान्तरण नहुंदा सोको रखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयमा रही थप व्ययभार थपिन जाने देखिन्छ । | |
| ५६ | | | **सोझै खरिद**<br><br>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ मा रु•५ लाखसम्मको खरिद कार्य सौझै गर्न सकिने रु•५ लाखभन्दा माथि रु•२० लाखसम्म सिलवन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। साथै खरिद गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढी खरिद गर्न नहुने एंव एउटा आपूर्तिकर्तासंग एकपटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ।पालिकाले फर्निचर खरिद गर्दा रु•५ लाखमा नबढाई पटक पटक गरी खरिद गरेको छ। एक आर्थिक वर्षमा एउटै सप्लायर्स तथा निर्माण व्यवसायीबाट एक पटकभन्दा बढी पटक खरिद गरेको पाइयो। यसरी कानूनसम्मत तरिकाले निम्न सप्लायर्सबाट खरिद कार्य नभएकोले अनियमित देखिएको रु•<br><br>गो• भौ• नं• मिति \| सप्लायर्स \| भुक्तानी रु•<br>१०३।१०।१८ \| श्रीया इन्टेरियर प्रा. लि. \| ४,९९,५२७।८०<br>१०४।१०।१८ \| ओम फर्निचर उद्योग \| ४,९९,९१२।<br>१२७।१०।२६ \| शुभलक्ष्मी ट्रेडर्स \| ५१,३००।<br>२४०।१२।१० \| अम्बे फर्निसिङ \| ३,०१,९३६। | ३,१६७,६६८.८ |

| | | |
|---|---|---|
| ३०४।१।१५ | सुप्रिम ट्रेड सप्लायर्स | ३६,७२५। |
| ३७७।३।२५ | अम्बे फर्निसिङ | ६,९७,७७५। |
| ३७८।३।२५ | श्रीया इन्टेरियर प्रा. लि. | ४,९९,३४७। |
| ३७९।३।२५ | ओम फर्निचर उद्योग | ४,९९,३१८। |
| ३८०।३।२५ | के. एस. के. एण्ड जनरल अर्डर सप्लायर्स | ५०,२२८। |
| ३८२।३।२५ | शुभ लक्ष्मी ट्रेडर्स | ३१,६००। |
| जम्मा | | ३१,६७,६६८।८० |

५७

**सब कन्ट्र्याक्टर**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैँले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नसकिने व्यवस्था छ।कुनै कारणवस समुदाय आफैँले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिने र सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनुपर्ने उल्लेख छ। पालिकाले विभिन्न वडामा डोजरबाट बाटो खन्ने काम उपभोक्ता समितिसंग सम्झौता गरी सम्बन्धित वडाको सिफारिस सहितको आधारमा भुक्तानी गरेको छ।उक्त कार्य उपभोक्ता समिति आफैँले नगरी निम्न सब कन्ट्र्याक्टरबाट रु. ३,३४,४४,९०५।७९ को काम गराएको छ।समुदाय आफैँले काम समयमा सम्पन्न गर्न नसके मा सो कुराको सूचना सार्वजनिक निकायलाई पनि दिएको छैन। निर्माण व्यवसायीले पेश गरेको कर विजकको आधारमा मुल्य अभिवृद्बि कर समेत भुक्तानी भएको छ। ठेक्का मार्फत उक्त कार्य गराई प्रतिस्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समितिमार्फत सब कन्ट्र्याक्टरले पेश गरेको विलको रकम भुक्तानी गर्दा थप व्ययभार परेको छ। सो सम्बन्धमा पालिकाको ध्यान जानुपर्दछ।

| गो. भौ. नं. मिति | कार्यको विवरण | निर्माण व्यवसायी | भुक्तानी रु. |
|---|---|---|---|
| ३७५।०७९।३।२५ | सडक निर्माण | पि. एल. कन्सट्रक्सन | ३५,८८,८६९। |
| १९।०७८।८।१६ | सडक निर्माण | लक्ष्मी जे. एम. निर्माण सेवा | ३२,९६,३८५।१५ |
| ३७४।०७९।३।२५ | सडक निर्माण | लक्ष्मी जे. एम. निर्माण सेवा | १७,११,७४९।१५ |
| २०।०७८।८।१९ | सडक निर्माण | तितौडा कन्सट्रक्सन एण्ड सप्लायर्स | २४,४२,५४८।११ |
| ७।०७९।३।२५ | सडक निर्माण | तितौडा कन्सट्रक्सन एण्ड सप्लायर्स | १२,७५,८५१।९३ |
| २।०७८।१२।१७ | सडक निर्माण | तितौडा कन्सट्रक्सन एण्ड सप्लायर्स | १७,६६,२२५।०३ |
| ५७।०७८।९।२२ | सडक निर्माण | पुजा निर्माण सेवा | ७,०२,५२३।२६ |
| ५८।०७८।९।२२ | सडक निर्माण | तितौडा कन्सट्रक्सन एण्ड सप्लायर्स | १६,७७,९२०।१६ |
| ८५।०७८।१०।११ | सडक निर्माण | लक्ष्मी जे. एम. निर्माण सेवा | ६,२८,०२१। |
| ११७।०७८।१०।२० | सडक निर्माण | तितौडा कन्सट्रक्सन एण्ड सप्लायर्स | ९,८०,८४०। |
| ११८।०७८।१०।२४ | सडक निर्माण | तितौडा कन्सट्रक्सन एण्ड | ९,७७,५३०।२३ |

| | | | |
|---|---|---|---|
| | | सप्लायर्स | |
| १७१।०७८।११।२० | सडक निर्माण | लक्ष्मी जे. एम. निर्माण सेवा | १२,२६,४३६।३५ |
| ३२८।०७८।१२।७ | सडक निर्माण | जनक निर्माण सेवा | १५,०४,६२३।२५ |
| ३५१।०७९।३।१६ | सडक निर्माण | तितौडा कन्सट्रक्सन एण्ड सप्लायर्स | ६,११,८९९।५२ |
| २४७।०७८।१२।१० | सडक निर्माण | तितौडा कन्सट्रक्सन एण्ड सप्लायर्स | ६,१३,६७५।८८ |
| २३०।०७८।१२।६ | सडक निर्माण | लक्ष्मी जे. एम. निर्माण सेवा | ७,३१,९३७।१६ |
| २५९।०७८।१२।१६ | सडक निर्माण | भैरव निर्माण सेवा | ९,७६,०२५।४९ |
| ३२९।०७९।२।२४ | सडक निर्माण | लक्ष्मी जे. एम. निर्माण सेवा | ९,७६,२३५।९९ |
| २४।०७८।८।२३ | सडक निर्माण | सौरभकाल भैरव निर्माण सेवा | ४,९०,१७९।३१ |
| ३३।०७८।८।२९ | सडक निर्माण | लक्ष्मी जे. एम. निर्माण सेवा | १३,८४,०३७।५६ |
| ३५।०७८।९।१ | सडक निर्माण | लक्ष्मी जे• एम. निर्माण सेवा | ४,०२,५२४।०८ |
| ५९।०७८।९।२२ | सडक निर्माण | लक्ष्मी जे• एम. निर्माण | ६,०९,५९२।०६ |

| | | | |
|---|---|---|---|
| | | सेवा | |
| ८३।०७८।१०।११ | सडक निर्माण | लक्ष्मी जे• एम• निर्माण सेवा | ३,७३,०००।५७ |
| ११६।०७८।१०।२४ | सडक निर्माण | तितौडा कन्सट्रक्सन एण्ड सप्लायर्स | ८,८०,४९६। |
| १२६।०७८।१०।२६ | सडक निर्माण | लक्ष्मी जे• एम• निर्माण सेवा | ६,१२,५७३। |
| १३१।०७८।१०।२७ | सडक निर्माण | लक्ष्मी जे• एम• निर्माण सेवा | ४,९२,१७१।५० |
| १४०।०७८।११।१ | सडक निर्माण | तितौडा कन्सट्रक्सन एण्ड सप्लायर्स | ३,०६,५६९। |
| १७०।०७८।११।२० | सडक निर्माण | तितौडा कन्सट्रक्सन एण्ड सप्लायर्स | ६,१०,३८०।८० |
| २८९।०७९।१।६ | सडक निर्माण | तितौडा कन्सट्रक्सन एण्ड सप्लायर्स | ८,५२,२०३।०६ |
| ३३६।०७९।२।३० | सडक निर्माण | लक्ष्मी जे• एम• निर्माण सेवा | ३,७०,९९९।३४ |
| ३६२।०७९।३।२४ | सडक निर्माण | लक्ष्मी जे• एम• निर्माण सेवा | ३,७०,८८२।९५ |
| जम्मा | | | ३,३४,४४,९०५।७९ |

| | | | | |
|---|---|---|---|---|
| ५८ | | | **उपभोक्ता समिति मार्फत काम गराउन नहुने**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्‌बि हुने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायसंग काम गराउन सकिने उल्लेख छ। तुर्माखाँद ४, ७ र ८ मा विद्‌युत लाइन विस्तार गर्न २०७८।११।१ मा पालिका र विद्‌युत प्रसारण लाइन विस्तार उपभोक्ता समिति बीच सम्झौता भई कार्यालयको रु.४५ लाख जनश्रमदान रु.११ लाख ७ हजार समेत रु. ५६ लाख ७० हजारको लागतमा उपभोक्ता समितिबाट काम भएको छ। उक्त कार्यको लागत अनुमान रु. ५६ लाख ७२ हजार भएकोमा लागत अनुमानको हाराहारीमा काम सम्पन्न गरेको र ३ फेजको लाइन विस्तार गरेकोमा सो को गुणस्तर परीक्षण भएको छैन। उक्त कार्यमा प्रतिस्पर्धा नभएको, गुणस्तर परीक्षणको कार्य नभएको जटिल र जोखिमयुक्त विद्‌युत लाइन विस्तारको कार्य उपभोक्ता समितिमार्फत गराउन नहुनेमा उपभोक्ता समितिमार्फत गराएको हुँदा समितिलाई भुक्तानी रु.४०,१५,५१०। कानूनसम्मत नदेखिएको रु. | ४,०१५,५१० |
| ५९ | | | **जटिल संरचना निर्माण**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, निर्माण, ग्रामीण विद्‌युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । | |
| ६० | | | **सार्वजनिक लेखापरीक्षण**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७घ(३) मा उपभोक्ता समिति मार्फत गरेको कार्यको संन्चालन र मर्मत सम्भारको जिम्मेवारी उपभोक्ता समितिमा निहित रहने गरी सम्झौता गर्नुपर्नेमा अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा सूचना टाँस गर्नुपर्ने र काम कारवाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण | |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुको सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ । | |
| ६१ | | | **निर्माण कार्यको गुणस्तर**<br><br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागी सम्बन्धित उपभोक्ता समिति मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामाग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, ढुंङ्गा र सिमेन्टको गाहो लगाउने तथा ढलान कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेन्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट जस्ता परीक्षण कार्य गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नुपर्दछ । | |
| ६२ | | | **आन्तरिक लेखापरीक्षण**<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीयतहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले २०७८।७९ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबा आर्थिक वर्षको अन्त्यमा एकै पटक गराएको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ६३ | | | **सुचना प्रविधि अधिकृतलाइ water test lab तालिम**<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई/प्रमाण पेश भई/पेश्की फर्स्यौट भई पेश भएको आधारमा मिति २०७९। १२ । २२ को निर्णयबाट रु. ११५००।- सम्परीक्षण गरिएको ।) | ० |

| | | | | |
|---|---|---|---|---|
| | | | मिति २०७९-१२-२२ मा **कृष्ण सोडारी** को **11500.00** सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको | |
| ६४ | | | **रकमान्तर**<br><br>आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २० मा एक बजेट उप शीर्षकमा बचत भएको रकम अर्को नपुग भएको उप शीर्षकमा रकमान्तर गर्न सकिने तर त्यसरी रकमान्तर गर्दा तलब पारिश्रमिक भता पोशाक खाद्यान्न पानी तथा विजुली संचार महसूल र घरभाडा जस्ता अनिवार्य दायित्व तथा पूजिगत खर्चको लागि विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने उल्लेख छ । शशर्त चालुको भौचर नं ४५०।०७९।३।१८ छात्रबृति शिर्षकको रु ६०७३१४।०२ मा वि शिक्षकको तलब भतामा भुक्तानी गरेको छ । अत: नियम विपरित खर्च लेखेको रु | ६०७,३१४.०२ |
| ६५ | | | **सेनेटरी प्याड**<br><br>सामूदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क सेनेटरी प्याड व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्यविधिमा उल्लिखित प्रक्रिया अनुसार वार्षिक १० महिना अवधिका लागि निशुल्क सेनेटरी प्याडको व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । सोको मूख्य जिम्मेवारी सम्बन्धित स्थानीय निकाय र विद्यालय हुने कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था छ ।यस पालिकाले शिलबन्दी दरभाउ पत्रको माध्यमबाट राहुल सर्जिकल एण्ड फूड सम्लिमेण्टरी सप्लायर्स सुर्खेतबाट २०५००० थान सेनेटरी प्याड खरिद गरी रु. १६४९३४८।० भुक्तानी गरेको देखियो ।कार्यविधिमा तोकिए अनुरुप वास्तविक मागका आधारमा समयमै खरिद एवं हस्तान्तरण नगरी मौज्दात रहने गरी वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको हुँदा प्रति छात्रा प्रति महिना कतिका दरले उपयोग हुने हो सो को आधारमा बिद्यालयको छात्रा संख्या खुलाइ हस्तान्तरण गरेको प्रमाण पेश हुनु पर्ने रु | १,६४९,३४८ |
| ६६ | | | **व्यक हो लोडर मर्मत तथा इन्धन खर्च**<br><br>कार्यालयले यस वर्ष व्याकहो लोडर मर्मत र इन्धन रु ३८९२६५५।० तथा अपरेटरको भता रु ४१४८८०।०० समेत रु ४०५१८००।०० खर्च भएको छ भने उक्त खर्चबाट रु १२००००।०० आम्दानी गरेकोमा लोडरबाट गाउँपालिकाको | ४,३०७,५३५ |

| | | | | |
|---|---|---|---|---|
| | | | योजनामा काम गरेको भनाइ रहेकोमा योजनागत रुपमा प्राविधिक मूल्यांकन र इन्धन खपत र अपरेटरको भता भडान हुने गरी कार्य घण्टा समेत खुलेको प्रमाण पेश हुनु पर्ने रु | |
| ६७ | | | **मोटरसाइकल मर्मत तथा गाडि भाडा**<br><br>कार्यालयमा मौजुदा १८ वटा मोटरसाइकल मर्मत र इन्धनमा रु ३४६३०००।०० खर्च भएको छ । २०७३ सालभन्दा पछि खरिद भएका मोटरसाइकलको अत्यधिक मात्रमा मर्मत इन्धनका विल भुक्तानी भएको छ भने चार पांग्रे सवारी साधन नभएको भनी गाडी भाडामा रु २५०७१९९।००(अन्य शिर्षकको ढुवानी भाडा बाहेक)खर्च लेखेको छ । भाडामा लिने सवारी साधनको विवरण सहित मासिक वा बार्षिक रुपमा भाडा तिर्ने गरी सुचना प्रकाशन गरी प्रतिस्पर्धा गराइ भाडामा लिनु पर्नेमा दैनिक भाडाको महंगो दरमा निजि प्रयोजनका लागि दर्ता भएका जिपहरु पटक पटक भाडामा लिइ सरकारी स्रोत साधनमा मित व्ययिता नअपानएको सम्बन्धमा सरकारी सम्पतिको सदुपयोग भएकोमा आस्वस्त हुने अवस्था नरहेको हुँदा खर्च पुष्टयाइ हुनु पर्ने रु | ५,९७०,१९९ |
| ६८ | | | **अग्रिम कर**<br><br>आयकर ऐन २०५८ को दफा ८८ मा सेवा शुल्कको कर विजक वेगरको भुक्तानीमा १५ प्रतिशत अग्रम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । युनिसेफ तर्फको भौचर नं २५।०७८।१२।१२ बाट टोल शिक्षामा सहभागी ९४ जना शिक्षकहरुलाइ मासिक २०००।०० का दरले ६ महिनाको रकम रु ३७५०००।०० भुक्तानी गरेकोमा १।५ डेढ प्रतिशत मात्र कर कट्टा गरेकोले नपुग १३।५ प्रतिशत कर छुट भएको हुँदा बाकी कर असूल गरी दाखिला गर्नुपर्ने रु | ५०,६२५ |
| ६९ | | | **समिति गठन**<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको भएतापनि यो वर्ष विपद पूर्व तयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयार गरेको देखिन्छ । | |

<table>
<tr><td>७०</td><td></td><td></td><td>कार्य योजना<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>प्रकोप व्यवस्थापन कोष<br><br>प्रकोप व्यवस्थापन कोष खाताको विवरण निम्नानुसार छन्<br><br><table><tr><td>गत वर्षको अल्य</td><td>4116</td></tr><tr><td>यस वर्षको आय</td><td>4000000</td></tr><tr><td>जम्मा आय</td><td>4004116</td></tr><tr><td>यस वर्षको खर्च</td><td>2119036।67</td></tr><tr><td>बाकी</td><td>1885079।33</td></tr></table><br>उपर्युक्त खर्च मध्ये कर्मचारीको तलब भता रु.३४३३२०।औषधी सामग्री खरिद नभएको र अन्य विविध राहतमा खर्च भएको छ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ७२ | | | **वार्षिक प्रतिवेदन**<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ७३ | 545 | २०७९-३-२५ | **कर बिजक बेगर खरिद**<br><br>मूल्य अभिवृद्बि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्बि करमा दर्ता भएको फर्मसंग तोकिएको ढाँचामा कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। शशर्त भौचर नं ५४५।०७९।३।२५ बाट के पि स्टोर एण्ड सप्लायर्सबाट कर विजक वेगर रु १०८५५०।०० का कार्यालय सामान खरिद गरेको नियमसम्मत नदेखिएको रु | १०८,५५० |
| ७४ | | | **प्रमाण पेश नभएको** | |
| ७४.१ | | | सुरक्षित नागरिक आवास कार्यक्रम: यस कार्यक्रमतर्फ देखिएका व्यहोरा निम्नानुसार छ। | |
| ७४.२ | | | सुरक्षित नागरिक आवास कार्यान्वयन (पहिलो संसोधन) कार्यविधि २०७६ को दफा ६ बमोजिम स्थानीय तहको प्राविधिकबाट अनुसुची ३ बमोजिमको ढाँचामा प्रतिवेदन पेश भई स्थानीय तहले प्रमाणीत गरेपछि निर्माण कार्य सम्पन्न भएको मानिने व्यवस्था छ। निम्न लाभग्राहीलाई अनुसुची ३ बमोजिमको निर्माण सम्पन्न भएको स्थानिय तहको प्रमाणित प्रतिवेदन बेगर रु. ४,९३,१५५।भुक्तानी गरेको पाइएकोले कार्यविधिसम्मत नभएको रु.<br><br>लाभग्राहीको नाम — भुक्तानी रकम<br>गौरी प्रसाद जैसी — १८,२६५।<br>जैसरा दमाइ — १८,२६५। | ४९३,१५५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मनसरा देवी बुढा | १८,२६५। | |
| | | | केवले बुढा | १८,२६५। | |
| | | | किसन बहादुर सुनार | १८,२६५। | |
| | | | पार्वती देवी जैसी न्यौपाने | १८,२६५। | |
| | | | जय कामी | १८,२६५। | |
| | | | शार्के दमाई | १८,२६५। | |
| | | | निरक नेपाली | १८,२६५। | |
| | | | विनोद नेपाली | १८,२६५। | |
| | | | कालिदेवी कामी | १८,२६५। | |
| | | | जवल सिँह कामी | १८,२६५। | |
| | | | खकीराम बुढा | १८,२६५। | |
| | | | मनसरा देवी सुनार | १८,२६५। | |
| | | | छञ्चरे कामी | १८,२६५। | |
| | | | जवाले वि. क. | १८,२६५। | |
| | | | तीलक साउद | १८,२६५। | |
| | | | अमृता देवी टमट्टा | १८,२६५। | |
| | | | लछिराम बुढा | १८,२६५। | |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>पूर्ण बहादुर वयक</td><td>१८,२६५।</td></tr>
<tr><td>बेलुदेवी बोहोरा</td><td>१८,२६५।</td></tr>
<tr><td>विर बहादुर दमाई</td><td>१८,२६५।</td></tr>
<tr><td>काशीराम जैसी</td><td>१८,२६५।</td></tr>
<tr><td>भुवनसरा देवी शाही</td><td>१८,२६५।</td></tr>
<tr><td>काले कामी</td><td>१८,२६५।</td></tr>
<tr><td>कुइरी नेपाली</td><td>१८,२६५।</td></tr>
<tr><td>थोले कामी</td><td>१८,२६५।</td></tr>
<tr><td>जम्मा</td><td>४,९३,१५५।</td></tr>
</table></td><td></td></tr>
<tr><td>७५</td><td>58</td><td>२०७८-१२-७</td><td>असुल गर्नुपर्ने<br><br>यस कार्यक्रम अन्तर्गत लाभग्राही श्री जवाले वि. क. तुर्माखाँद ३ लाई रु.४८,२६५।र श्री तलिक साउदलाई रु.४८,२६५। समेत रु.९६,५३०। पहिलो किस्ता पेश्की फर्छ्यौट गरी दोस्रो किस्ता भुक्तानी गरेकोमा नविल बैंक शाखा तुर्माखाँदमा जम्मा गर्दा उक्त रकम निजहरुको सट्टा श्री अमृता देवी बुढा तुर्माखाँद ३ बैंकको खाता नं. ०७९१००१७५०३३५५ मा र श्री लछिराम बुढा तुर्माखाँद ३ बैंकको खाता नं ०७९१००१७५०३३३८ मा जम्मा गरेको छ।यसरी पहिलो किस्ता पेश्की फर्छ्यौट र दोस्रो किस्ता भुक्तानी गरेको लाभग्राहीको सट्टा अन्य व्यक्तिको खातामा जम्मा गरेको देखिएकोले उक्त रकम असुल हुनुपर्छ रु.</td><td>९६,५३०</td></tr>
<tr><td>७६</td><td></td><td></td><td>नन्फाइलर<br><br>मूल्य अभिवृद्बि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्बि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था</td><td>४५०,१८८.९७</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>छ। पालिकाबाट सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत पाता र किला खरिद गर्दा सप्लायर्स धमाला अर्डर सप्लायर्स र डम्बर हार्डवेयर पसललाई मु. अ. कर रु.४,५०,१८८.९७।समेत रु.३४,६३,०४६.४१।भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो रु<br><br>
<table>
<tr><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>धमाला अर्डर सप्लायर्स</td><td>६००५३०११८</td><td>२६,१७,०२६।२</td><td>३,४०,२०७।५२</td><td>२०७८ माघ</td></tr>
<tr><td>डम्बर हार्डवेयर पसल</td><td>६०२१८७६६८</td><td>८,४६,०२०।२१</td><td>१,०९,९८१।४५</td><td>२०७७ पौष</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३४,६३,०४६।४१</td><td>४,५०,१८८।९७</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>ढुवानी भाडा<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (४) मा सार्वजनिक निकायले दररेट निर्धारण समितले निर्धारण गरेको दररेटको आधारमा ढुवानीको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले ढुवानीको लागत अनुमान तयार गरेको छैन। ट्याक्टरबाट ग्राभेल सामान ढुवानी गरेबापत प्रतिदिन रु.९,०००। ले भुक्तानी गरेको छ। सोही कार्यालयले विद्युत तार पोल ढुवानी बापत प्रतिदिन रु.८,०००।ले भुक्तानी गरेको छ। ढुवानीको लागत अनुमान तयार नगरी ढुवानी भाडा भुक्तानी गरेको र विद्युत तार पोल ढुवानीको प्रतिदिन रु.८,०००। ले भुक्तानी गरेकोमा ग्राभेल ढुवानी प्रतिदिन रु.९,०००। ले भुक्तानी गरेको हुँदा विद्युत पोल तार ढुवानी दरको तुलनामा ग्राभेल ढुवानीमा प्रतिदन रु.१,०००। ले बढी भुक्तानी भएको छ। विभिन्न भौचर नम्बरबाट विभिन्न मितिमा ग्राभेल ढुवानीको ४० दिनको रु.८,०००। ले रु.३,२०,०००। भुक्तानी गर्नुपर्नेमा रु. ९,०००। ले रु.३,६०,०००। भुक्तानी गरेको हुँदा बढी ढुवानी भुक्तानी रु.४०,०००। असुल हुनुपर्छ रु.</td><td>४०,०००</td></tr>
<tr><td>७८</td><td>269</td><td>२०७९-३-२५</td><td>जग्गाधनी प्रमाणपुर्जा<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा खर्च पुष्टि गर्ने विल भर्पाइ, प्रमाण सहित लेखा राख्नुपर्ने उल्लेख छ।जीवनोद्धार आधारभुत विद्यालयलाई जग्गा खरिदको लागि रु•२</td><td>२५०,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | लाख ५० हजार विद्यालयको खातामा जम्मा गरेकोमा जग्गाको कित्ता काट गर्न रोक लगाइएको, कित्ता काट गर्न रोक लगाइएको कित्ता काट भएपछि विद्यालयको नाउँमा नामसारी गर्ने उल्लेख गरी विद्यालयको आफ्नो नाउँमा जग्गा प्रमाण पूर्जा बेगर खातामा जम्मा गरेको छ। विद्यालयको आफ्नो नाउँमा नामसारी भएको जग्गा प्रमाण पूर्जाको आधारमा जग्गा खरिद बापतको रकम विद्यालयको खातामा जम्मा गर्नुपर्नेमा जग्गा प्रमाण पूर्जा वेगर विद्यालयको खातामा जम्मा भएकोले प्रमाण पेश हुनुपर्ने रु• | |
| ७९ | | | **बढी भुक्तानी** | |
| ७९.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) (ख) मा सार्वजनिक निकायले रनिङ विल भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। प्राविधिक नाँपजाँचभन्दा बढी भुक्तानी गरेको व्यहोरा निम्नानुसार छ। | |
| ७९.२ | 375 | २०७९-३-२५ | कर्णाली पुल टुनीगैरा बिन्द्रासैनी सडक स्तरोन्नती उपभोक्ता समितिलाई कार्यसम्पन्न प्रतिवेदन तथा प्राविधिक मूल्यांकन अनुसार रु.३३,६१,८२०।७९ भुक्तानी गर्नुपर्नेमा रु.३३,९५०००। भुक्तानी गरेकोले बढी भुक्तानी रु.३३,१७९।२१ असुल हुनुपर्छ रु. | ३३,१७९.२१ |
| ७९.३ | 228 | २०७८-१२-७ | .......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु.२६६१।६६ सम्परीक्षण गरिएको ।)<br><br>मिति **२०७९-१२-२२** को निर्णयानुसार **2661.66** को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको | ० |
| ७९.४ | 170 | २०७८-११-२० | **..........** (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु.९५०८।- सम्परीक्षण गरिएको ।**)** | ० |

| | | | | |
|---|---|---|---|---|
| | | | मिति **२०७९-१२-२२** को निर्णयानुसार **9508.00** को सम्परीक्षण मनासिब देखि फस्यौट गरिएको | |
| ७९.५ | 239 | २०७८-१२-८ | कालिका मन्दिर निर्माण उपभोक्ता समितिलाई पेश्की फर्छ्यौट समेत रु. १,४४,३६७।४१ खर्च लेख्नुपर्नेमा रु.१,४९,५००। खर्च लेखेकोले बढी खर्च लेखेको रु.५,१३३।असुल गर्नुपर्छ रु. | ५,१३३ |
| ८० | | | **असुल गर्नुपर्ने**<br><br>गणेश बहादुर शाहीको विविध खर्च रकम पेश भएको विल भरपाइ अनुसार रु.२२,३८०।भुक्तानी गर्नुपर्नेमा रु.४,१००। बढी रु.२६,४८०।भुक्तानी भएको आन्तरिक लेखापरीक्षणबाट समेत औँल्याएकोमा हालसम्म असुल फर्छ्यौट नभएको रु. | ४,१०० |
| ८१ | | | **पेश्की**<br><br>आर्थिक वर्षको अन्त्यमा बांकी रहेको पेश्की मध्ये लेखापरीक्षण अवधीसम्म फछर्यौट भएको रकम घटाई बांकी पेश्की रकम प्रचलित नियमावली वमोजिम फछर्यौट गर्नुपर्ने रु. | ४२०,००० |

| सि.नं | पेश्कीको व्यहोरा | पेश्की लिनेको नाम | पेश्की रकम | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिक आवास | हर्क बहादुर शाही | ३०००० | |
| २ | नागरिक आवास | तुलाराम दमाइ | ३०००० | |
| ३ | नागरिक आवास | देवे कामी | ३०००० | |
| ४ | नागरिक आवास | पविदेवि बोहोरा | ३०००० | |
| ५ | नागरिक आवास | कासे कामी | ३०००० | |
| ६ | नागरिक आवास | नन्दराम धमला | ३०००० | |
| ७ | नागरिक आवास | वकथे कामी | ३०००० | |

| | | | | |
|---|---|---|---|---|
| ८ | नागरिक आवास | उज्ज्वलदेवी वि क | ३०००० | |
| ९ | नागरिक आवास | गोइठो कामि | ३०००० | |
| १० | नागरिक आवास | लोक बहादुर शाही | ३०००० | |
| ११ | नागरिक आवास | चन्द्रा दमाइ | ३०००० | |
| १२ | नागरिक आवास | हर्क बहादुर कामी | ३०००० | |
| १३ | नागरिक आवास | भुनु कामी | ३०००० | |
| १४ | नागरिक आवास | मैपती कामी | ३०००० | |
| १५ | स्वास्थ्य भवन निर्माण | धुलिखेल निर्माण सेवा प्रा लि | ५८००००० | म्याद बाकी |
| | | जम्मा | ४२०००० | |

म्याद नाघेको पेश्कीलाई मात्र लगती व्यहोरा कायम गरिएको छ ।